# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

## शिलबन्दी बोलपत्र आह्वानको सुचना
**प्रकाशित सुचना मिति : २०७५/०४/२५**

यस दुहबी नगरपालिका अन्र्तगत तपसिल बमोजिम आ.व. २०७५/०७६ को लागि शिलबन्दी बोलपत्रद्धारा आन्तरीक आय संकलनको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुदा इच्छुक योग्य व्यक्ती, सस्थाहरुले तपसिलका शर्तहरुका अधिनमा रही दुहबी नगरपालिका कार्यालयमा तोकिएको समय भित्र छुट्टा छुट्टै गोप्य शिलबन्दी वोलपत्र दाँखिला गर्नु हुन यो सुचना प्रकाशित गरीएको छ ।

तपसिल

| सि.नं. | ठेक्का शिर्षक | न्युनतम ठेक्का अंक वार्षिक रु. |
|---|---|---|
| रा.आ.ठे.नं. १ | साप्ताहिक मवेशी पशुचौपाया खरिद विक्री हाटकर दुहवी ४ | ३६,००,०००।०० |
| रा.आ.ठे.नं. २ | साप्ताहिक मंगलबारे/खसि/सुंगुरकाटी मासुविक्री पसल हाट कर दुहवी ५र ६ | ११,५०,०००।०० |
| रा.आ.ठे.नं. ६ | भलुवा फर्साही हाटकर दुहवी ७ | ९०,०००।०० |
| रा.आ.ठे.नं. ९ | विहिबारे शाप्ताहिक हाट कर दुहवी ८ | २,४७,८००।०० |
| रा.आ.ठे.नं. ११ | पोखरी ठेक्का दुहवी न.पा. ९ | ११,०००।०० |
| रा.आ.ठे.नं. १२ | पटके सवारी कर दुहवी न.पा. ८,कदम गाछी चोक देखि पुर्व जाने वाटो | १,२१,०००।०० |
| रा.आ.ठे.नं. १३ | बुधबारे,आईतवारे नहरचौकमा लागने सनिवारे मंगलबारे हाटकर दुहवी न.पा.१० | २,७३,०००।०० |
| रा.आ.ठे.नं. १५ | मधुधामी माछा पोखरी अन्दाजी ०-३-० जग्गाको पोखरी, दुहवी न.पा. १२ | २०,०००।०० |
| रा.आ.ठे.नं. १६ | आइतवारे,शुक्रबारे हाटकर दुहवी न.पा. वडा नं. ११ | २१,०००।०० |
| रा.आ.ठे.नं. २१ | भैसि डिल हाटकर दुहवी न.पा-.८ | ३,७४,०००।- |

**शर्तहरु :-**

१. शिलबन्दी वोलपत्र साथ रु.१० को टिकट टाँसी आफूले कवोल गरेको ठेक्का अंकको नेपाली नागरीक भए ५% र गैर नेपाली नागरीक भए १०% धरौटी वापत रकम दुहबी न.पा.,नगर कार्यपालिकाको कार्यालयको एन.आई.सि.एसिया दुहवी शाखामा रहेको धरौटी खाता नं.( A8CA499378524003) मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न गर्नु पर्नेछ ।

२. शिलबन्दी वोलपत्र साथ बोलपत्रवालाले नेपाली नागरीकताको प्रतिलिपि अनिवार्य संलग्न गर्नु पर्नेछ । सस्थाको हकमा संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. शिलबन्दी बोलपत्र फारम दस्तुर रा.आ.ठे.नं.१ का लागि रु.३०००। र अन्य प्रत्येकको लागि रु. १०००/(फिर्ता नहुने गरी) बुझाई बोलपत्र फाराम दुहबी न.पा.नगर कार्यपालिकाको कार्यालय राजश्व शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

४.क.रा.आ.ठे.नं.१ को लागि शिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति दोश्रो पटक सुचना जारी भएको १५ औं दिन सम्म (२०७५/०५/०८ ), शिलबन्दी बोलपत्र मिति २०७५/०५/९ गते १२:०० बजे सम्म दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्नु पर्ने छ र शिलबन्दी बोलपत्र मिति २०७५/०५/९ गते दिनको ०२:०० बजे यस न.पा.कार्यालयमा खोलिने छ ।सार्वजनिक विदा परेमा सोको भोलीपल्ट हुनेछ ।

ख.रा.आ.ठे.नं.२ देखि २१ सम्मको लागि शिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति तेश्रो पटक सुचना जारी भएको ७ औं दिन सम्म ( २०७५/०४/ ३१), शिलबन्दी बोलपत्र मिति २०७५/०५/१ गते १२:०० बजे सम्म दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्नु पर्ने छ र शिलबन्दी बोलपत्र मिति २०७५/०५/१ गते दिनको ०२:०० बजे यस न.पा.कार्यालयमा खोलिने छ ।सार्वजनिक विदा परेमा सो को भोलीपल्ट हुनेछ ।

५. म्याद नाघी आएको वा रीत नपुगेको टेण्डर फाराम उपर कुनै कारवाहि हुनै छैन ।

६. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

७. दर्ता भएको बोलपत्रहरु नियमानुसार खोली स्वीकृत हुने शिलबन्दी बोलपत्रवालाले स्वीकृत ठेक्का रकम ठेक्काको सम्झौता संगै एकमुष्ट रकम बुझाउनु पर्ने छ र सम्पुर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा १०% प्रतिशत छुट दिईनेछ ।

८. दर्ता भएको शिलबन्दी बोलपत्रहरु तोकिएको मिति र समयमा बोलपत्रवाला वा निजको प्रतिनिधि को रोहवरमा दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयमा नियमानुसार खोलिनेछ ।

९. नगरपालिकाले तोकि दिएको दर रेटमा फरक नपर्ने गरी ठेक्का संचालन गर्नुपर्ने छ ।

१०. अन्य जानकारीको लागि दुहबी न.पा., नगर कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र सर्म्पक राख्न सकिनेछ ।

११.यो सूचनामा उल्लेख नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

नोट : बोलपत्र खरिद, दर्ता गर्ने अन्तिम मिति तथा सिलबन्दी बोलपत्र खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा त्यसको भोली पल्ट दर्ता हुने तथा खोलिने छ ।

प्रमुख प्रशासकीय अधिकृत
खेमराज ओझा
प्रमुख प्रशासकीय अधिकृत